# विद्यालय खाजाको लागि आवेदन र विद्यालय खाजा शुल्क भुक्तानी सम्बन्धी सूचना

## 1 विद्यालय खाजाको आवेदन प्रक्रिया सम्बन्धी

विद्यालय खाजाप्राप्त गर्नका लागि, तल उल्लेखित प्रक्रिया पूरा गर्न आवश्यक छ।

कम्प्यूटर अथवा स्मार्ट फोनबाट अनलाईन प्रकृया **(e-KAWASAKI)** मार्फत विद्यालय खाजाको आवेदन गर्नुहोस् ।

- आवेदन समय: अनिवार्य **खाजा सुरु हुने मितिभन्दा अगाडी सम्म**
- आवेदन दिने तरिका: **QR कोडबाट साईटमा गएर आवश्यक विवरण सबै भर्नुहोस् ।**
  (e-KAWASAKI पहिलो पटक प्रयोग गर्ने अवस्थामा प्रयोगकर्ता दर्ता आवश्यक हुन्छ।)

**विद्यालय खाजाको आवेदनका लागि**

※"Q R कोड" डेनसो वेभ कम्पनीको दर्ता गरिएको ट्रेडमार्क हो।

URL यहाँ छ।
https://lgpos.task-asp.net/cu/141305/ea/residents/procedures/apply/dff59dc3-3b43-47d3-a0bb-a0b04214bd63/start

(नोट) कम्प्युटर वा मोबाइलबाट प्रक्रिया गर्न नमिलेको अवस्थामा। **"विद्यालय खाजा आवेदन फारम" ➔ विद्यालयमा** बुझाउनुहोस्

- विद्यालय खाजा आवेदन फारम आवश्यक परेमा, भर्ना हुन लागिएको विद्यालयबाट फारम प्राप्त गरी आवश्यक विवरण भरेर, **प्रवेश समारोह भर्ना समारोहको दिन विद्यालयमा बुझाउनुहोस्।**

## 2 विद्यालय खाजा शुल्क सम्बन्धमा

विद्यालय खाजासम्बन्धी अभिभावकले वहन गर्नुपर्ने रकम (२०२५ आर्थिक वर्षको पूर्ण खाजा प्रणालीको हकमा※)

| विद्यालयको प्रकार | | प्रति इकाइ | वार्षिक रकम |
|---|---|---|---|
| प्राथमिक विद्यालय | | 270 | 50,490 |
| विशेष सहयोग विद्यालय | किन्डरगार्डेन विभाग | 180 | 32,940 |
| | प्राथमिक विभाग | 270 | 49,410 |
| | प्राथमिक विभाग (शाखा कक्षा) | 270 | 50,490 |
| | माध्यमिक विभाग・उच्च माध्यमिक विभाग | 320 | 58,560 |

※२०२५ आर्थिकवर्ष को हकमा, नगरपालिकाको बजेट तथा राष्ट्रिय अनुदानको सहयोग उपलब्ध भएकाले, अभिभावकले वहन गर्नुपर्ने रकम बायाँ तर्फ उल्लेखित रकम अनुसार हुन्छ।




- २०२६ आर्थिक वर्षको विद्यालय खाजा शुल्क सम्बन्धी जानकारी २०२६ को अप्रिल महिनामा वितरण गरिने "विद्यालय खाजा शुल्क सम्बन्धी सूचना" मार्फत जानकारी गराइनेछ।

## 3 खाद्य **एलर्जीका कारण** दूध दिन बन्द गर्नुपर्ने भएमा **वा** खानाको सट्टा दूध मात्र प्राप्त गर्ने अवस्थामा

"विद्यालय खाजा शुल्क वर्ग परिवर्तनको सूचना" पेश गर्न आवश्यक हुन्छ। आवश्यक कागजपत्र लगायतको विवरणको लागि विद्यालय सँग परामर्श गर्नुहोस् ।

**सम्पर्क**

विद्यालय खाजासम्बन्धी कुनै जिज्ञासा भएमा, तल उल्लेखित सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोस्।

**कावासाकी नगरीय शिक्षा बोर्डको सचिवालय, स्वास्थ्यवर्धक विद्यालय खाजा प्रवर्धन कार्यालय**
फोन: 044-200-2539 / FAX: 044-200-1810 / ईमेल: 88kyusyoku@city.kawasaki.jp

विद्यालयको खाजा शुल्क सम्बन्धी प्राय: सोधिने प्रश्नहरू र अन्य, विद्यालयको खाजा शुल्क सम्बन्धी विस्तृत विवरणहरूको लागि, कृपया तलको URL हेर्नुहोस्।
URL https://www.city.kawasaki.jp/880/page/0000121366.html

कावासाकी शहर विद्यालयको खाजा शुल्क